# नेपाल, बागमती प्रदेश, धादिङ, सिद्धलेक गाउँपालिका

## स्थानीय राजपत्र

## खण्ड ७, संख्याः७, मंसिर २८ गते, २०८० साल

सिद्धलेक गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**भाग २**

# माध्यामिक तह (कक्षा ११ र १२ ) नि:शुल्क शिक्षा सम्बन्धी कार्यविधि,२०८०

**गाउँकार्यपालिका बाट स्विकृत मितिः २०८०।०८।२८**

**सिद्धलेक गाउँपालिकाको माध्यामिक तह कक्षा ११ र १२ निःशुल्क शिक्षा सम्बन्धी कार्यविधि, २०८०**

**कार्यपालिकाबाट स्वीकृत मिति २०८०/०८/२८**

**प्रस्तावना** : सिध्दलेक गाउँपालिका अन्तर्गत माध्यमिक तह (कक्षा ११ र १२) सञ्चालित विद्यालयहरुमा निःशुल्क शिक्षा व्यवस्थापन गरी नेपालको संविधानको धारा ३१ को उपधारा २ मा उल्लेखित प्रत्येक नागरिकलाइ राज्यबाट आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यामिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकलाइ कार्यन्वयन गर्नको लागि सिध्दलेक गाउँपालिकाको शिक्षा ऐन,२०७५ को दफा २९ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाइएको छ ।

**१ संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम "माध्यमिक तह (कक्षा ११ र १२) निशुःल्क शिक्षा सम्बन्धी कार्यविधि, २०८०" सम्झनु पर्दछ ।

ख) यो कार्यविधि सिध्दलेक गाउँपालिका भरी लागू हुनेछ ।

ग) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **ऐन** भन्नाले सिध्दलेक गाउँपालिकाको शिक्षा ऐन २०७५ लाई सम्झनु पर्दछ ।

ख) **कार्यपालिका** भन्नाले सिध्दलेक गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) **गाउँ शिक्षा समिति** भन्नाले गाउँ शिक्षा ऐन बमोजिम गठित गाउँ शिक्षा समितिलाइ सम्झनु पर्दछ ।

घ) **शाखा** भन्नाले सिध्दलेक गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ ।

ङ) **स्थानीय तह** भन्नाले सिध्दलेक गाउँपालिका सम्झनु पर्दछ ।

च) **विद्यालय** भन्नाले कक्षा ११ र १२ सञ्चालन भएको सामुदायिक विद्यायलाई सम्झनु पर्दछ ।

**३. उद्देश्यः**

यो कार्यविधि जारी गर्नुको उद्देश्य देहाय अनुसार रहेको छः

क) नेपालको संविधानले व्यवस्था गरेको माध्यामिक तहको शिक्षालाई निःशुल्क बनाउनु ।

ख) गाउँ कार्यपालिका भित्र रहेका माध्यमिक तहमा अध्ययनरत बालबालिकाहरुको अन्य पालिकाहरुमा भइरहेको स्थानान्तरणलाई रोक्नु ।

ग) सिध्दलेक गाउँपालिकालाई माध्यामिक तहको शिक्षाको लागि शैक्षिक हवको रुपमा स्थापित गर्नु ।

**४. अपेक्षा**

क) सिध्दलेक गाउँपालिका भित्र सञ्चालित सामुदायिक सरकारी माध्यमिक विद्यालय कक्षा ११ र १२ लाइ निःशुल्क बनाइ विद्यार्थीको पहुँच अभिवृध्दि गर्ने ।

**५. बजेट र सिमा**

क) सिध्दलेक गाउँपालिकाको गाउँसभाबाट स्वीकृत बजेट नै बजेटको सीमा हुनेछ ।

ख) बजेट नपुग भएमा गाउँसभाबाट अनुमोदन हुनेगरी कार्यपालिकाले नपुग बजेट थप गर्न सक्नेछ ।

**६. निशुल्क शिक्षाका अधारहरुः**

कक्षा ११ र १२ मा निःशुल्क शिक्षा प्रदान गर्ने आधारहरु देहायका हुनेछन :

क) नेपाल सरकारबाट कक्षा ११ र १२ सञ्चालनको लागि स्वीकृति प्राप्त गरेको ।

ख) विद्यालयको विद्यार्थी संख्या ।

ग) विद्यालयको मौजुदा दरवन्दी संख्या ।

घ) कक्षा ११ र १२ मा तोकिएको समयमा विद्यालयमा भर्ना भएका विद्यार्थी संख्या ।

ङ) विद्यालयहरुले भर्ना भएका विद्यार्थीहरुको विवरण IEMIS मा अध्यावधिक गरेको रेकर्ड ।

**७. अनुदान सम्वन्धी व्यवस्थाः**

गाउँपालिकाले माध्यामिक तह कक्षा ११ र १२ सञ्चालन भएका विद्यालयहरुलाइ तपशिल बमोजिमको आधारमा अनुदान सहयोग गर्नेछ ।

क) गाउँपालिकाले कक्षा ११ र १२ सञ्चालन भएका विद्यालयहरुलाइ विद्यार्थी सङ्ख्याको आधारमा मासिक ५०० (पाँचसय मात्र) का दरले एक वर्षमा जम्मा हुन आउने एकमुष्ठ रुपमा अनुदान दिन सक्नेछ । तर एकमुष्ठ अनुदानको रकम कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

ख) गाउँपालिकाले कक्षा ११ र १२ सञ्चालन भएका विद्यालयहरुलाइ विद्यालयले IEMIS मा अध्यावधिक गरेको विद्यार्थी संख्या र विद्यालयले गाउँपालिकामा प्रमाणित गरी पठाएको विद्यार्थी संख्यालाई रुजुगरी विद्यार्थी संख्याको आधारमा अनुदान दिन सक्नेछ ।

ग) सिद्धलेक गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा पढ्ने विद्यार्थीहरुले मात्र सामुदायिक विद्यालय मार्फत यो निःशुल्क शिक्षा अनुदान प्राप्त गर्न सक्नेछन् ।

**८. विद्यालयले शुल्क लिन नपाउनेः**

क) गाउँकार्यपालिकाबाट कार्यविधि अनुमोदन भएको मितिबाट निशुल्क शिक्षा सम्वन्धि अनुदान प्राप्त गरेका विद्यालयहरुले विद्यार्थीहरुबाट कुनै पनि शीर्षकमा शुल्क लिन पाउने छैनन् तर परीक्षा शुल्क, रजिष्टेशन शुल्क र राज्यलाइ तिर्नुपर्ने कर सम्बन्धी शुल्क भने विद्यार्थी स्वयंमले नै बुझाउनु पर्नेछ ।

ख) कक्षा ११ र १२ का पाठ्यपुस्तकको व्यवस्था विद्यालयमा पुस्तकालय स्थापना गरी आवश्यकता अनुसार विद्यालयले गर्नेछ ।

**९. अनुगमन सम्बन्धी व्यवस्थाः**

क) माध्यमिक विद्यालयको अनुगमन सिध्दलेक गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाबाट गरिनेछ ।

ख) गाउँपालिकामा सचिवालय हुनेगरी अनुसूची -१ अनुसार अनुगमन समिति हुनेछ ।

**१०. लेखापरीक्षण सम्बन्धी व्यवस्थाः**

क) प्रत्येक वर्ष विद्यालयले गर्ने सामाजिक लेखापरिक्षण संगै यस अनुदानको पनि सा. ले. प. हुनेछ ।

ख) गाउँपालिकाबाट प्राप्त हुने अनुदानको लेखापरीक्षण प्रत्येक वर्ष विद्यालयले तोकिएको लेखापरीक्षकबाट गराउनु पर्नेछ । लेखापरिक्षण नगराउने विद्यालयहरुको अनुदान रोक्का हुनेछ ।

**११.** यस कार्यविधि अनुसारको कार्यन्वयनमा केहि बाधा अड्काउ परेमा गाउँकार्यपालिकाले फुकाउन सक्नेछ ।

**१२. पुनश्चः** कुनै विद्यालयले स्थानीय स्रोतबाट कक्षा ११ र १२ आफ्नै स्रोतबाट सञ्चालन गर्न कवोल गरेमा गाउँपालिकाले अनुदान दिन बाध्य हुने छैन ।

## अनुसूची - १

माध्यमिक शिक्षा कक्षा ११ र १२ निशुल्क शिक्षा अनुदान सम्बन्धी अनुगमन समिति देहाय बमोजिम हुनेछ ।

- गाउँपालिका अध्यक्ष –संयोजक
- प्रमुख प्रशासकीय अधिकृत – सदस्य
- सामाजिक विकास समितिको संयोजक – सदस्य
- गाउँसभाका दलित महिला सदस्य मध्येबाट गाउँपालिकाका अध्यक्षद्वारा मनोनित १ जना सदस्य - सदस्य
- शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख – सदस्यसचिव